हरिपुर नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

प.सं. ०७७/०७८
च.नं.:

## सेनिटरी प्याड खरिद सम्बन्धि सिलबन्दी दरभाउ पत्रको सूचना

**ठेक्का नं. ०७/२०७८/०७९**

**प्रथम पटक प्रकाशित मिति : २०७८/०७/२३**

यस चालु आ.व.०७८/०७९ को बार्षिक कार्यक्रम अनुसार आवश्यक संख्यामा सेनिटरी प्याड शिलबन्दी दरभाउ पत्र मार्फत खरिद गर्नु पर्ने भएकोले ईच्छुक फर्म, संघ संस्थाले मिति २०७८/०८/०६ गते दिनको ५:०० बजे भित्र Bid Document अनुसारको मापदण्ड तथा गुणस्तर भएको सेनिटरी प्याडको शिलबन्दी दरभाउ पेश गर्नहुन सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

१ प्रथम पटक सुचना प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र रु. १०००।- ( अक्षरेपी रु. एक हजार मात्र ।) फिर्ता नहुने गरि नगद बुझाइएको सक्कल रसिद निवेदन साथ संलग्न गरि कार्यालय समय भित्र दरभाउ पत्र खरिद गर्न सकिनेछ । दरभाउ पत्र खरिद गर्नका लागि निवेदक संस्थाले आ.व. ०७८/०७९ का लागि नवीकरण गरिएको सम्बन्धित विषयको कारोवार गर्ने गरि ईजाजत प्राप्त कम्पनी दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, तथा भ्याट दर्ता प्रमाण पत्रको प्रमाणित र आ.व. ०७७/०७८ को कर चुक्ता गरेको प्रमाण पत्रका साथै आवश्यक कागजातका प्रतिलिपीहरु संलग्न गरि बोलपत्र फारम खरिद गर्न निवेदन साथ पेश गर्नुपर्ने छ ।

२. प्रथम पटक सुचना प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र दरभाउ खरिद गरि १६ औं दिनको १२:०० बजेभित्र खरिद गरेको दरभाउ पत्र रीत पूर्वक भरी यस नगरपालिकाको कार्यालय हरिपुर, सर्लाहीमा शिलबन्दी गरी दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएको दरभाउ पत्रहरु १६ औं दिनको २:०० बजे दरभाउ पत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउ पत्रदाता वा निजका प्रतिनिधिहरुँ उपस्थित नभए पनि दरभाउ पत्र खोलन वाधा पर्ने छैन । दरभाउ पत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सो को भोली पल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

३. शिलबन्दी दरभाउ पत्र दर्ता गर्दा जमानत वापतको तपसिलमा उल्लेखित धरौटी रकम हरिपुर नगरपालिकोको नाममा रहेको एन.आई.सी एसिया शाखा कार्यालय हरिपुर, सर्लाहीमा रहेको च.हि.नं. ०४५२०५००२५९४९००८ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा कम्तीमा दरभाउ पत्रको सुचनाको अन्तिम दिनबाट ७५ दिन म्याद भएको मान्यता प्राप्त बैंकको बैंक ग्यारेटी दरभाउ पत्र साथ पेश गर्नु पर्नेछ । दरभाउ पत्रदाताको दरभाउ पत्र स्वीकृत अंकको ५% वरावरको रकम सम्झौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नु पर्ने वा यस कार्यालयको नाममा जारी भएको परफमेन्स वण्ड पेश गर्नु पर्नेछ ।

४. दरभाउ पत्रदाताले कवोल गरेको दररेटलाई अंक र अक्षरमा प्रस्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरमा लेखिएको दररेट लाई मान्यता दिइनेछ । दरभाउ पत्रमा केरमेट भएको ठाँउमा सहीछाप गरेको हुनुपर्ने छ ।

५. नगरपालिकाको हितलाई ध्यानमा राखि प्राप्त हुन आएका दरभाउ पत्र पुर्ण वा आंशिक स्वीकार गर्ने वा रद्द गर्ने जस्ता सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै दरभाउ पत्रमा उल्लेख भएको सेनिटरी प्याड परिमाणमा थपघट हुन सक्नेछ । यसरी थपघट भएता पनि दरभाउ पत्रदाताले कवोल गरेकै दररेटमा उपलबध गराउनु पर्ने छ । स्वीकृत बजेटको स्थिति अनुसार खरिद गरिनेछ ।

६. स्वीकृत दरभाउ पत्र अनुसारको सेनिटरी प्याड एकमुष्ठ वा आवश्यकता अनुसार फरक फरक अर्डर दिई खरिद गरिनेछ ।

७. रीत नपुगेको दरभाउ पत्र उपर कुनै कारवाही गरिने छैन ।

८. सेनिटरी प्याडको म्याद गुज्रिने समय कम्तिमा १ बर्षको हुनुपर्ने छ ।

९. कार्यालयमा आपुर्ती गर्ने सेनिटरी प्याड ढुवानी दरभाउ पत्रदाता स्वम्ले व्यहोर्नु पर्नेछ ।

१०. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार दरभाउ पत्रदाताले कानुनी रुपमा अयोग्य छैन भनी लिखित रुपमा गरेको घोषणापत्र दरभाउ पत्रसाथ पेश गर्नु पर्नेछ ।

११ खरिद हुने सेनिटरी प्याडको गुणस्तर तथा मापदण्ड सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि-२०७६ अनुसारको हुनेछ ।

१२. उपरोक्त सर्त वाहेक यसमा नपरेका सर्तहरुमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित ऐन नियम बमोजिम हुनेछ । दरभाउ पत्र सम्वन्धि अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समय भित्र बुझ्न सकिनेछ ।

| ठेक्का नं. | खरिद हुने सामनको विवरण | स्पेसिफिकेसन | कुल लागत अनुमान (मूल्य अभिवृद्धि कर वाहेक) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| ०७ | सेनिटरी प्याड | सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधी-२०७६ अनुसारको | १७,०७,०७९।- | ५१,२१३।- | थप कुराहरु Bid Document मा उल्लेख भए बमोजिम हुने |

हरिपुर नगरपालिका
हरिपुर, सर्लाही